# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०६।१३ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी राजकुमार श्रीवास्तवसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

**प्रतिवादीहरु राजकुमार श्रीवास्तव र पाण्डवप्रसाद देवलाई** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा (८) को उपदफा (१) को खण्ड(ग) बमोजिम कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.९६,६४,२९६.६३ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो निजहरुबाट असुल उपर हुन,

**प्रतिवादीहरु ङवाङ क्षोदेन शेर्पा (एन.सी.शेर्पा), बैकुण्ठ प्रसाद भण्डारी र शिवजी सापकोटा**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरमा निर्माण सेवाका जे.भी. पार्टनरहरु ङवाङ क्षोदेन शेर्पा(एन.सी.शेर्पा), बैकुण्ठ प्रसाद भण्डारी र शिवजी सापकोटालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम रु.९६,६४,२९६.६३ बिगो कायम गरी सजाय हुन र ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम उक्त बिगो असुल उपर गरी जफत हुन

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा

विशेष अदालतको मिति २०८०/०९/२५ को फैसलाबाट निम्न आधारमा सफाई दिएकोः-

- प्रतिवादीहरुले मौका देखि अदालतमा बयान गर्दा प्रयोग भएको ग्याबियन तारको स्ट्याण्डर स्पेशिफिकेशन बमोजिम quality, quantity मा काम गरेको भनी आरोपित कसुरमा इन्कार रही वयान गरेको।
- प्रतिवादीहरुले बदनियतका साथ नै काम गरेको हुन भनी बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिएको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।१३ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- बागमती तथा लालबकैया नदी नियन्त्रण आयोजना, परमानीपुर, बारा लालबकैया नदीमा निर्माण भएको ठेक्का नं. I-N/LBK-II/L-EMB/P-५३/२०११-१२ को ठेक्काको स्वीकृत स्पेशिफिकेशन तथा नेपाल गुणस्तर (Nepal Standard) NS १६३-२०४५ र NS १६९-२०४५ बमोजिम ग्याबियन तारको न्यूनतम Diameter ३.२५±०.०५mm, Tensile strength ३००-५५० Nm/mm२, Elongation १२% and Mass of zinc coating १३५ gm/sqm(५% less for fabricated object) हुनु पर्नेमा गुणस्तर तथा नाप तौल विभागबाट प्राप्त परीक्षण प्रतिवेदनमा तोकिएको भन्दा कम गुणस्तरको देखिरहेको अवस्थामा उक्त प्रतिवेदन अन्देखा गरी केवल इन्कारी वयानलाई आधार मानी अभियोग मागदावीवाट नै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेको।
- नेपाल गुणस्तर तथा नापतौल विभागकोको पत्र साथ संलग्न Mass of Zinc Coating को Observed Value ३१ gm/sqm तथा Elongation percent, in को Observed Value ७% उल्लेख भई Remarks मा Fail उल्लेख भई आएको टेष्ट रिपोर्ट समेतलाई अन्देखा गरी भएको फैसला त्रुटिपुर्ण भई बदरभागी रहेको।
- हारतीमाता सप्लायर्सले प्रिमियम वायर्स प्रा.लि. विराटनगरबाट खरीद गरेको जी.आई.वायर १० गेज (कमर्सियल) भएको देखिएको तर उक्त खरीद गरेको १० गेज (कमर्सियल) ग्याबियन तार स्वीकृत स्पेशिफिकेशन अनुसार मेडियम कोटेडको नभई प्राविधिक रुपमा कम गुणस्तरीय भएको र अर्कै कम्पनीबाट उत्पादित तारको गुणस्तर

परीक्षण प्रतिवेदन पेश गरेको देखिनुले उक्त आयोजनामा जानी जानी गुणस्तरहिन ग्यावियन तार प्रयोग भएको पुष्टि भईरहेको अवस्थामा प्रतिवादीहरुको वदनियत नदेखिएको भन्ने आधार ग्रहण गरी आरोपित कसूरवाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेको।

- प्रतिवादीहरुको बदनियत भन्ने शब्दले कुनै काम गर्दा पछाडिको नराम्रो उद्देश्य वा गलत मनसायलाई बुझाउँछ। यसको अर्थ कुनै काम गर्दा सतही रूपमा देखिने कुराभन्दा फरक, लुकेको र हानिकारक उद्देश्य हुनुपर्ने र यसमा कुनै कामलाई क्षति पुर्‍याउने मनसाय, अरूलाई ठग्ने वा फाइदा लिन खोज्ने मनसाय कानुन विपरीतको काम गर्ने मनसाय रहे भएको भन्ने अवस्थालाई वुझाउँछ प्रस्तुत मुद्दामा प्रतिवादीहरुले जानी जानी बदनियतका साथ निर्माण कार्यमा गुणस्तरहिन ग्यावियन तार प्रयोग भएको भन्ने देखिरहेको अवस्थामा सो प्रमाणको मूल्याङ्कन नगरी प्रतिवादीहरुलाई आरोपित कसूरवाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

सहायक प्रवक्ता<br>
देवी प्रसाद थपलिया

# देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु राजकुमार श्रीवास्तव, पाण्डवप्रसाद देव, ङवाङ क्षोदेन शेर्पा (एन.सी. शेर्पा), बैकुण्ठप्रसाद भण्डारी र शिवजी सापकोटा (वि.अ. को मु.नं. 079-CR-००५४ वि.अ. को फैसला मिति २०८०/९/२५ | सरकारी रकम हानिनोक्सानी गरी भ्रष्टाचार गरेको। | **प्रतिवादीहरु राजकुमार श्रीवास्तव र पाण्डवप्रसाद देवको** हकमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा (८) को उपदफा (१) को खण्ड(ग) बमोजिम कसुर गरेको प्रमाणित हुन आएको हुँदा निजहरु राजकुमार श्रीवास्तव र पाण्डवप्रसाद देवलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.९६,६४,२९६.६३ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम हानी नोक्सानी भएको बिगो निजहरुबाट असुल उपर गरी पाउँ भन्ने मागदावी लिएको देखिन्छ साथै **ङबाङ क्षोदेन शेर्पा(एन.सी.शेर्पा), बैकुण्ठ प्रसाद भण्डारी र शिवजी सापकोटाको हकमा** भ्रष्टाचार निवारण ऐन ,२०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर गरेको प्रमाणित हुन आएकोले उक्त निर्माण सेवाका जे.भी. पार्टनरहरु ङबाङ क्षोदेन शेर्पा(एन.सी.शेर्पा), बैकुण्ठ प्रसाद भण्डारी र शिवजी सापकोटालाई भ्रष्टाचार निवारण ऐन ,२०५९ को दफा ८ को उपदफा (४) बमोजिम रु.९६,६४,२९६.६३ बिगो कायम गरी सजाय हुन र ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम उक्त बिगो असुल उपर गरी जफत गरी पाउँ भन्ने मागदाबी लिइएको। | **फैसला**<br>प्रतिवादीहरु राजकुमार श्रीवास्तव, पाण्डवप्रसाद देव, ङवाङ क्षोदेन शेर्पा (एन.सी. शेर्पा), बैकुण्ठप्रसाद भण्डारी र शिवजी सापकोटाले अभियोग दाबीबाट सफाई पाउने ठहर गरी श्री विशेष अदालतवाट मिति २०८०।९।२५ मा फैसला हुन गएको देखिन्छ ।<br>**<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः</u>**<br>क) प्रतिवादीहरुले मौका देखि अदालतमा बयान गर्दा प्रयोग भएको ग्याबियन तारको स्टयाण्डर स्पेशिफिकेशन बमोजिम quality, quantity मा काम गरेको भनी आरोपित कसुरमा इन्कार रही वयान गरेको ।<br>ख) प्रतिवादीहरुले बदनियतका साथ नै काम गरेको हुन भनी बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिएको। | ४. **<u>विशेष अदालतवाट भएको उक्त फैसला मिसिल संलग्न निम्न आधार, कारण र प्रमाणहरुवाट त्रुर्टिपुर्ण भई वदरभागी रहेको देखिन्छ।</u>**<br>क) बागमती तथा लालबकैया नदी नियन्त्रण आयोजना, परमानीपुर, बारा लालबकैया नदीमा निर्माण भएको ठेक्का नं. I-N/LBK-II/L-EMB/P-53/2011-12 को ठेक्काको स्वीकृत स्पेशिफिकेशन तथा नेपाल गुणस्तर (Nepal Standard) NS 163-2045 र NS 169-2045 बमोजिम ग्याबियन तारको न्यूनतम Diameter ३.२५±0.05mm, Tensile strength ३००-५५० Nm/mm2, Elongation 12% and Mass of zinc coating १३५ gm/sqm(5% less for fabricated object) हुनु पर्नेमा गुणस्तर तथा नाप तौल विभागबाट प्राप्त छुट्टाछुट्टै दुई पटक परीक्षण गरिएको प्रतिबेदनहरु अनुसार Mass of zinc coating कम पाईएकोले निर्माण गरिएको तारजालीको कार्य स्वीकृत स्पेशिफिकेशन बमोजिमको गुणस्तरमा नभई तोकिएको भन्दा कम गुणस्तरको देखिन्छ भन्ने प्राप्त प्रतिवेदनबाट देखिरहेको अवस्थामा उक्त प्रतिवेदनहरुको अन्देखा गरी केवल प्रतिवादीहरुको इन्कारी वयानलाई आधार मानी निज प्रतिवादीहरुलाई अभियोग मागदावीवाट नै सफाई दिने गरी भएको सम्मानित विशेष अदालतको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको।<br>ख) नेपाल गुणस्तर तथा नापतौल विभागको प.स. २०७६/७७ च.नं. ९७३ मिति २०७६/०६/२८ को पत्र साथ संलग्न Mass of Zinc Coating को Observed Value 31 gm/sqm तथा Elongation percent, in को Observed Value 7% उल्लेख भई Remarks मा Fail उल्लेख भई आएको टेष्ट रिपोर्ट समेतलाई अन्देखा गरी भएको सम्मानित विशेष अदालतको फैसला त्रुर्टिपुर्ण भई बदरभागी।<br>ग) हारतीमाता सप्लायर्सले प्रिमियम वायर्स प्रा.लि. विराटनगरबाट खरीद गरेको जी.आई.वायर १० गेज (कमर्सियल) भएको देखिएको तर उक्त खरीद गरेको १० गेज (कमर्सियल) ग्याबियन तार स्वीकृत स्पेशिफिकेशन अनुसार मेडियम कोटेडको नभई प्राविधिक रुपमा कम गुणस्तरीय भएको र अर्कै कम्पनीबाट उत्पादित तारको गुणस्तर परीक्षण प्रतिवेदन पेश गरेको देखिनुले उक्त आयोजनामा जानी जानी गुणस्तरहिन ग्याबियन तार प्रयोग भएको पुष्टि भईरहेको अवस्थामा प्रतिवादीहरुको वदनियत नदेखिएको भन्ने आधार ग्रहण गरी आरोपित कसूरवाट सफाई दिने गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी।<br>घ) प्रतिवादीहरुको बदनियत भन्ने शब्दले कुनै काम गर्दा पछाडिको नराम्रो उद्देश्य वा गलत मनसायलाई बुझाउँछ। यसको अर्थ कुनै काम गर्दा सतही रूपमा देखिने कुराभन्दा फरक, लुकेको र हानिकारक उद्देश्य हुनुपर्ने र यसमा कुनै कामलाई क्षति पुर्‍याउने मनसाय अरूलाई ठग्ने वा फाइदा लिन खोज्ने मनसाय कानुन विपरीतको काम गर्ने मनसाय वा अरूलाई हानि पुऱ्याउने मनसाय रहे भएको भन्ने अवस्थालाई वुझाउँछ प्रस्तुत मुद्दामा प्रतिवादीहरुले जानी जानी बदनियतका साथ निर्माण कार्यमा गुणस्तरहिन ग्याबियन तार प्रयोग भएको भन्ने देखिरहेको अवस्थामा सो प्रमाणको मूल्याङ्कन नगरी प्रतिवादीहरुलाई आरोपित कसूरवाट सफाई दिने गरी भएको फैसला त्रुर्टिपूर्ण।<br>**ङ)** सम्झौताको शर्त अनुसार निर्माण व्यवसायीले प्रयोग गरेको निर्माण सामाग्रीहरुको गुणस्तर परीक्षण गरी स्पेशिफिकेशन तथा बिल अफ क्वानटिटी ( Bill of Quantity) अनुसार भुक्तानी गर्नु पर्नेमा सो नगरि आयोजनामा प्रयोग भएको गुणस्तरहिन तारलाई स्वीकृत स्पेशिफिकेशन बमोजिम गुणस्तरयुक्त भएको हो भनी अन्तिम बील र कार्यसम्पन्न प्रतिवेदन अनुसार जम्मा रकम रु १,१४,५६,३६२/०५ भुक्तानी गरेकोमा गुणस्तरहिन Stud निर्माणकोलागी भुक्तानी गरेको रु |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ९६,६४,२९६.६३ रकम नेपाल सरकारको हानीनोक्सानी हुन गएको पुष्टि भईरहेको अवस्थामा सो तर्फ अन्देखा गरी प्रतिवादीहरुलाई आरोपदावीवाट सफाई दिने गरी भएको भएको फैसला त्रुटिपूर्ण। |